गाउँ सभाको बैठकमा गाउँपालिका अध्यक्ष श्री माधव प्रसाद अर्यालद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३।०८४ को उत्तरगया गाउँपालिकाको

# नीति तथा कार्यक्रम

उत्तरगया गाउँपालिका

२०८३ असार १० गते

आदरणीय गाउँसभा सदस्यज्यूहरू,

उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त हर्ष र गौरवको अनुभूति भएको छ। यस ऐतिहासिक अवसरमा नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, लोकतन्त्र, सामाजिक न्याय, समावेशी शासन व्यवस्था तथा स्वशासनको अधिकार सुनिश्चित गर्न भएका विभिन्न जनआन्दोलन, जनयुद्ध तथा लोकतान्त्रिक संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते, बेपत्ता तथा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको संविधान तथा संघ, प्रदेश र स्थानीय तहका प्रचलित कानुनद्वारा स्थानीय तहलाई प्रदान गरिएका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्दै कानुनद्वारा निर्दिष्ट जिम्मेवारी, कर्तव्य र दायित्वहरू पूरा गर्न गाउँपालिका दृढतापूर्वक प्रतिबद्ध रहेको छ। गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै समुन्नत र समृद्ध समाज निर्माण गर्नु हाम्रो प्रमुख दायित्व रहेको छ।

जनतालाई सरल, सहज, छिटोछरितो तथा गुणस्तरीय सेवा उपलब्ध गराउन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिइनेछ । स्वच्छ, हरित, सुरक्षित र वातावरणमैत्री गाउँ निर्माण गर्दै उत्तरगयालाई बस्नयोग्य, उत्पादनशील तथा समृद्ध गाउँपालिकाको रूपमा विकास गर्ने हाम्रो दीर्घकालीन सोच रहेको छ।

सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सुदृढ प्रशासनिक प्रणालीको विकासमार्फत नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ। नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने वडा कार्यालयहरूको संस्थागत क्षमता अभिवृद्धि, स्रोत—साधनको व्यवस्थापन तथा प्रविधिमैत्री सेवा प्रणालीको विकासलाई थप व्यवस्थित बनाइनेछ ।

शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन, रोजगार तथा उद्यमशीलता, सामाजिक विकास, महिला तथा बालबालिका, युवा तथा खेलकुद, भौतिक पूर्वाधार, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाइ, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, न्यायिक सेवा, मानव अधिकार प्रवर्द्धन तथा वातावरण संरक्षणलगायतका विषयगत क्षेत्रहरूमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण गाउँपालिकावासी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी संस्था, नागरिक समाज, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाहरूको विगतमा झैं सहयोग, समन्वय र सहकार्य प्राप्त हुने विश्वास लिएको छु।

"**समृद्ध उत्तरगया, सभ्य र खुसी उत्तरगयावासी**" भन्ने मूल नारालाई आत्मसात् गर्दै आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्। साथै, दिगो विकास लक्ष्य (SDGs), नेपाल सरकारको १६औं आवधिक योजना, बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना, उत्तरगया गाउँपालिकाको २० वर्षे गुरुयोजनाले निर्धारण गरेका लक्ष्यहरू हासिल गर्न आवश्यक नीतिगत, संस्थागत तथा वित्तीय आधारहरू सुदृढ गर्दै विकास र समृद्धिको यात्रालाई थप गतिशील बनाइनेछ।

## शिक्षा सम्बन्धी नीति

१.	***शिक्षामा सुधार-प्रगतिको आधार"*** भन्ने मूल नाराका साथ नैतिकता, सदाचार तथा अनुशासन जस्ता मानव मूल्यलाई विद्यालय तहदेखि नै विकास गराउन प्रत्येक आधारभूत (१-८) तथा माध्यमिक विद्यालयहरुमा विद्यालय स्काउट कार्यक्रमलाई थप मजबुत बनाइनेछ।

२.	विद्यालय भित्रको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई बढी जिम्मेवार वनाई अघि वढ्नका लागि विद्यालय संस्थागत स्वः तथा बाह्य मूल्याङ्कन परिपाटीलाई विद्यालयहरुमा लागु गरी यसैको आधारमा विद्यालयलाई स्तरीकरण गरिनेछ।

३.	गाउँपालिका भित्रका विद्यालयहरुको नक्शाङ्कन, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर समेतको अध्ययन गरी आवश्यकताको आधारमा विद्यालय समायोजन एवं एकिकरण, कक्षा घटुवा तथा शिक्षक दरवन्दी मिलान गरिनेछ।

४.	विद्यालयका सम्पूर्ण शिक्षकहरु वर्षमा कम्तिमा दुई पटक अभिभावकहरुको घरदैलोमा पुग्ने नीति अवलम्बन गरिनेछ। **Home Visit, School Visit** र **Common Visit** कार्यक्रमलाई जोड दिई अभिभावक शिक्षा र सचेतना कार्यक्रमलाई व्यवस्थित गरिनेछ।

५.	विद्यालयभित्र कार्यरत शिक्षकहरुमा आन्तरिक स्वच्छ प्रतिष्पर्धाको भावना जागरण गराउन प्रधानाध्यापक तथा शिक्षकहरु वीच कार्यसम्पादन गर्ने वातावरण सिर्जना गर्नका लागि शिक्षा शाखा तथा विद्यालयका प्र.अ.हरुको क्षमता विकास गरिनेछ। विद्यालय शिक्षालाई प्रभावकारी बनाउन कार्यसम्पादनलाई प्रभावकारी बनाउन गाउँपालिका र प्रअहरुबीच कार्यसम्पादन सम्झौता गरी आवधिक समिक्षा गरिनेछ।

६.	गाउँपालिका र विद्यालय-विद्यालयवीच समन्वयात्मक भूमिका निर्वाह गर्नको लागि लिडर फिडर विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

७.	अनिबार्य तथा निशुल्क शिक्षा कार्यान्वयनलाई आत्मसाथ गरिनेछ। विद्यालय शिक्षामा पारदर्शिता, सुशासन, जबाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गर्न विद्यालय अनुगमन निरीक्षण र सुपरीबेक्षणलाई थप प्रभावकारी बनाइनेछ।

८.	प्रारम्भिक बालविकास कक्षा तथा बालस्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार, बाल स्याहार तथा सिकाइ सहजिकरण गरिनेछ। बालविकासको विहानीको रुपमा रहेको बाल विकास केन्द्रका शिक्षकहरुलाई पुनर्ताजगी तालिम प्रदान गरिनेछ। सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन नतिजाको आधारमा पुरस्कार र दण्डको व्यवस्थालाई कार्यान्वयन गरिनेछ। विद्यालय शिक्षक तथा विद्यार्थीलाई शैक्षिक सम्मान गर्नका लागि उत्तरगया शिक्षा पुरस्कारको स्थापना गरिनेछ।

९.	दुर्गम भेगमा अध्यापन गर्ने शिक्षकहरुको मनोबल उच्च बनाउन प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

१०.	शिक्षाको पहुँच अभिवृद्धि गर्नका लागि अति विपन्न तथा सिमान्तकृत बालबालिकाहरुलाई गैससको समन्वयमा शैक्षिक सामाग्री, विद्यालय पोशाक आदिको क्रमशः व्यवस्थापन गरिनेछ। विद्यालय वाहिर रहेका विद्यालय जाने उमेरका बालबालिकाहरुलाई औपचारिक शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ।

११.	सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई गुणस्तरीय बनाउन खुल्ला सार्वजनिक सुनुवाई गरी समाज र पेशाप्रति उत्तरदायी बनाइनेछ। बर्षको एक पटक सबै प्रधानाध्यापकहरु र केही शिक्षकहरुको शैक्षिक अन्तरबार्ता र

आन्तरिक कृयाकलाप मार्फत उहाँहरुको खास शैक्षिक अवस्था पहिचान गरी सुधारात्मक कृयाकलाप सञ्चालन गरिनेछ ।

१२. शिक्षकहरु बिचको शैक्षणिक अनुभव आदानप्रदान मार्फत शिक्षण सिकाई कृयाकलापलाई प्रभावकारी बनाउन विषयगत समितिहरुलाई परिचालन गरिनेछ।अनुभव आदान प्रदान मार्फत विद्यालय शिक्षा सुधारको लागि शिक्षक एक्सचेञ्ज कार्यक्रमलाई अबलम्बन गरिनेछ ।शिक्षक विद्यार्थी र विद्यालय उत्प्रेरणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. उच्च शिक्षाको बढोत्तरीको लागि सबैलाई उच्च शिक्षाको अवसर पुर्याउन उच्च शिक्षा छात्रवृति प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४. संस्थागत विद्यालयले प्रदान गर्दै आइरहेको १० प्रतिशत विद्यार्थी छात्रवृत्तिलाई गाउँपालिकाको सिफारिसमा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

१५. विद्यालय हाताभित्र हुने कुनै पनि प्रकारको लैङ्गिकतामा आधारित हिंसालाई निरुत्साहित गर्ने नीति अपनाइनेछ । विद्यार्थीहरुलाई आत्मरक्षाका तालिमहरु प्रदान गरिनेछ ।

१६. लामो समयको बिरामी बिदा, सुत्केरी बिदा लगायतमा सट्टा शिक्षकको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

१७. विद्यार्थी तथा शिक्षकहरुको प्रतिभा पहिचान तथा क्षेत्रगत तालिम र क्षमता विकासको कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । शिक्षकको सरुवा, सम्मान तथा प्रोत्साहनलाई निजको समग्र कार्यसम्पादनस्तर र प्रत्येक शिक्षकले प्रतिबद्धता जनाएको सिकाइ लक्ष्यसँग जोडिनेछ ।

१८. सामुदायिक सिकाई केन्द्रको क्षमता अभिवृद्धि मार्फत केन्द्रलाई सामूदायिक जागरण, मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदा संरक्षण र जनचेतना प्रवाह गर्ने केन्द्रको रुपमा विकास गरी आय आर्जनको क्षेत्रहरुसँग जोडिनेछ ।

१९. शैक्षिक नीतिको मूल नीतिको रुपमा रहने उत्तरगया शिक्षा नीति तय गरिनेछ ।उत्तरगयाको समग्र शैक्षिक सुधारका शैक्षिक मार्गचित्र निर्माण गरी मार्गचित्रको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२०. यस आर्थिक वर्षको अन्त सम्ममा सबै विद्यालयहरुलाई न्यूनतम प्रबिधिमैत्री बनाइनेछ ।

२१. विद्यालय तहको आन्तरिक मूल्यांकन प्रणालीलाई फूलवारी, करेसावारी, मानव मूल्य शिक्षा तथा जीवनोपयोगी शिक्षासँग आबद्ध र एकाकार गराइनेछ ।

२२. शिक्षालाई उत्पादनसँग जोड्दै श्रमको सम्मान गर्ने सँस्कृति विकास गर्न माध्यमिक तहका विद्यार्थीका लागि पढ्दै कमाउँदै कमाउँदे पढ्दै (विद्यालय करेसाबारी) कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

२३. मानव मूल्य, जीवनपयोगी तथा नैतिक शिक्षा र अतिरिक्त कृयाकलपालाई बढी भन्दा बढी अभ्यासमूलक बनाउन प्रत्येक महिनाको अन्तिम शुक्रबारको दिनलाई **Book Holiday** को रुपमा कार्यान्वियन गरिनेछ ।

२४. **टोल-टोलमा अभिभावक शिक्षा**, **घर-घरमा समिक्षा** भन्ने आदर्श वाक्यलाई चरितार्थ गर्न सरोकारवालाहरुसँग शैक्षिक संबाद तथा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. शैक्षिक बर्ष २०८३ लाई **5R (Reporting, Record Keeping, Retention, Relation Build up, Reform of learning)** को बर्षको रुपमा लिई सोका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

२६. कक्षा ८ को पालिकास्तरीय परीक्षाको अलावा कक्षा ५ को पनि गाउँपालिकास्तरमा सिकाइ उपलब्धी मापन परीक्षा सञ्चालन र व्यवस्थापन गरिनेछ । विशेष कक्षा र तहमा नतिजाका आधारमा प्रदान गरिदै आएको विद्यार्थी, शिक्षक तथा विद्यालय सम्मान र पुरस्कृत कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७. शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने गरी क्षेत्रगत समन्वय गरिनेछ ।

२८. **भावी पुस्तालाई वहार- वर्तमान पुस्ताबाट** उपहार भन्ने उक्तिलाई चरितार्थ बनाउन कक्षा १० र कक्षा १२ उत्तीर्ण भएर जाने विद्यार्थीहरुले जाँदाजाँदै आफ्नो विद्यालयमा कुनै न कुनै दिगो उपहार जस्तैः विरुवा, गमला आदि जस्ता उपहार दिएर जाने प्रबन्ध मिलाइनेछ ।

२९. विद्यालयहरुमा प्रत्येक महिनामा एक एक वटा क्रियाकलापहरु जस्तैः बालक्लव, जुनियर रेडक्रस सर्कल, पूर्ब विद्यार्थी मञ्च, विद्यालय जन्मोत्सब कोष जस्ता सिर्जनात्मक कामहरुको थालनी गर्ने प्रबन्ध मिलाइनेछ ।

३०. लिडर विद्यालय र फिडर विद्यालयहरु वीचको सहकार्य र सञ्चारलाई थप प्रभावकारी बनाउने प्रबन्ध मिलाइनेछ ।

३१. विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन थप अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३२. लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको साझेदारीमा नीलकण्ठ माध्यमिक विद्यालयमा स्नातक तहको चिनियाँ भाषाको कक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**युवा, खेलकुद तथा मनोरञ्जन सम्बन्धी नीति**

३३. ***"हाम्रा युवा हामी संगै"*** भन्ने मूल नाराका साथ युवाहरुलाई लक्षित गरी वडा तथा पालिकास्तरीय युवा तथा खेलकुद विकास समितिलाई थप प्रभावकारी बनाउँदै परिचालन गरिनेछ । विद्यार्थी तथा युवाहरुमा रहेको अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउन खेलकुदका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३४. स्वास्थ्य, अनुशासन र राष्ट्रिय गरीमाका लागि खेलकुद र खेलाडीको प्रवर्द्धन गर्न कम्तिमा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीति अवलम्बन गरिनेछ भने सामुदायिक विद्यालयमा खेलकुद मैदानको स्तरोन्नति गर्ने नीति क्रमसः लिइनेछ।

३५. गाउँपालिकामा रहेका युवा क्लवहरुलाई सक्रिय बनाइ युवा जागरण अभियान सञ्चालन गरीनेछ ।

३६. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालय खेल सामग्री उपलब्ध गराउनुको साथै राष्ट्रपति रनिङ शिल्ड तथा गाउँपालिका स्तरीय वृहत खेलकूद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

३७. राष्ट्रिय तथा पालिकास्तरीय खेल सञ्चालनका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अन्तराष्ट्रिय राष्ट्रिय प्रदेशस्तरीय जिल्लास्तरीय खेलमा पदक जित्ने गाउँपालिकाका खेलाडीहरुलाई पुरस्कृत गरिनेछ ।

३८. युवा मैत्री पालिका घोषणा गर्नका लागि आवश्यक तयारी पुरा गरी तीन बर्षभित्र युवा मैत्री पालिका घोषणा गरिनेछ ।विद्यालयका खेलकुद शिक्षकहरुलाई आवश्यक खेलकुद प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

**स्वास्थ्य सम्बन्धी नीति**

३९. उत्तरगया गाउँपालिकाका नागरिकलाई गुणस्तरीय, पहुँचयोग्य, प्रविधिमैत्री तथा समावेशी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ "स्वस्थ उत्तरगया, समृद्ध उत्तरगया" अभियानलाई अगाडि बढाइनेछ। दुर्गम बस्ती, कमजोर आर्थिक

अवस्था भएका नागरिक, ज्येष्ठ नागरिक, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकतामा राखी निम्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्।

४०. गाउँपालिकाभित्र रहेका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा निजी स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन, नियमन र गुणस्तर मूल्याङ्कन गरी वर्षभरि आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ। आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको अभाव हुन नदिने व्यवस्था मिलाइनेछ।

४१. उत्तरगयाका विद्यालय उमेर समूहका बालबालिका तथा ज्येष्ठ नागरिकमा देखिने दृष्टिसम्बन्धी समस्याको समयमै पहिचान गर्न गाउँपालिकामा सञ्चालित आँखा केन्द्रलाई थप सुदृढ बनाई समुदाय तथा विद्यालयस्तरमा आँखा परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४२. विकट भौगोलिक अवस्थाका कारण विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्न बाहिर जानुपर्ने बाध्यताको अन्त्य गर्न टेलिमेडिसिन सेवालाई विस्तार गरी डाँडागाउँ, लहरेपौवा, बोगटीटार तथा ठूलोगाउँबाट विशेषज्ञ चिकित्सकको परामर्श सेवालाई थप प्रभावकारी बनाउँदै विस्तार गरिनेछ ।

४३. दुर्घटना, पक्षघात, दीर्घरोग तथा ज्येष्ठ नागरिकहरूको पुनःस्थापनात्मक उपचारलाई सहज बनाउन फिजियोथेरापी सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाइनेछ।

४४. गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक भवन, उपकरण, जनशक्ति तथा प्रयोगशाला सेवाको क्रमिक स्तरोन्नति गरिनेछ।

४५. दुर्गम बस्तीका नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा उपलब्ध गराउन विशेषज्ञ स्वास्थ्य, आयुर्वेद तथा एकीकृत स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

४६. ज्येष्ठ नागरिकहरूको सम्मानजनक र स्वस्थ जीवनयापनका लागि निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा उपचार कार्यक्रम सञ्चालन गरिनेछ।

४७. घरपालुवा जनावर र मानव स्वास्थ्यबीचको अन्तरसम्बन्धलाई दृष्टिगत गर्दै विद्यालय तथा समुदायस्तरमा जुनोटिक रोगसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४८. बोगटीटार सामुदायिक स्वास्थ्य इकाईलाई पूर्ण सञ्चालनमा ल्याई स्थानीय नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराइनेछ।

४९. आकस्मिक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न गाउँपालिकाबाट सञ्चालित एम्बुलेन्स सेवामा प्रदान गर्रिंदै आएको सहुलियतलाई निरन्तरता दिइनेछ।

५०. सुरक्षित मातृत्व प्रवर्द्धन तथा मातृ—शिशु मृत्युदर न्यूनीकरणका लागि स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई प्रोत्साहनस्वरूप रु. १,२०० उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

५१. गर्भवती, सुत्केरी तथा दुई वर्षमुनिका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन पोषण कार्यक्रम तथा "स्वस्थ शिशु प्रतिस्पर्धा" कार्यक्रम सञ्चालन गरिनेछ।

५२. उच्च रक्तचाप, मधुमेह, मुटुरोग तथा क्यान्सरजस्ता नसर्ने रोगको बढ्दो जोखिमलाई न्यूनीकरण गर्न स्वस्थ जीवनशैली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

५३. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक कार्यालयहरूमा सुरक्षित तथा शुद्ध खानेपानीको उपलब्धता सुनिश्चित गरिनेछ।

५४. महिलाहरूमा पाठेघर तथा स्तनसम्बन्धी रोग र पुरुषहरूमा प्रोस्टेटसम्बन्धी समस्याको प्रारम्भिक पहिचानका लागि नियमित स्क्रिनिङ शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५५. क्षयरोग, कुष्ठरोग तथा अन्य सरुवा रोगहरूको नियन्त्रणका लागि समुदायमा आधारित खोजपड्ताल, परीक्षण तथा उपचार कार्यक्रम सञ्चालन गरिनेछ।

५६. विद्यालय स्वास्थ्य शिक्षा तथा समुदाय स्वास्थ्य साक्षरता कार्यक्रममार्फत स्वास्थ्यसम्बन्धी ज्ञान, सीप र व्यवहारमा सुधार ल्याइनेछ।

५७. स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकासका लागि तालिम, अनुभव आदानप्रदान तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

५८. आर्थिक रूपमा विपन्न तथा दीर्घरोगी नागरिकहरूलाई उपचारमा सहयोग पुर्‍याउन स्वास्थ्य सहायता कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

५९. डाँडागाउँ तथा लहरेपौवा स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवासहितको प्रजनन स्वास्थ्य केन्द्रका रूपमा विकास गरिनेछ।

६०. मैलुङ क्षेत्रमा नियमित खोप सेवाको पहुँच सुनिश्चित गर्न सामुदायिक स्वास्थ्य इकाईमार्फत खोप सेवा सञ्चालन गरिनेछ।

६१. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रूपमा डिजिटल प्रविधिमा आधारित बनाउँदै तथ्याङ्कमा आधारित योजना तथा निर्णय प्रणाली विकास गरिनेछ।

६२. "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" अभियानमार्फत योग, ध्यान, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा नागरिक आरोग्य कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६३. उत्तरगया क्षेत्रमा पाइने स्थानीय जडीबुटी तथा आयुर्वेदिक ज्ञानको संरक्षण, प्रवर्द्धन र उपयोगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

६४. मातृ तथा शिशु स्वास्थ्य सुदृढीकरणका लागि स्तनपान गराउने आमाहरूलाई आयुर्वेदिक दुग्धवर्द्धक औषधि निःशुल्क उपलब्ध गराइनेछ।

६५. आयुर्वेद सेवाको पहुँच सबै वडामा विस्तार गर्दै गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

६६. स्थानीय समुदायलाई उत्तरगया क्षेत्रमा पाइने बहुमूल्य जडीबुटीहरूको पहिचान, संरक्षण तथा उपयोगबारे जानकारी गराउने जडीबुटी परिचय कार्यक्रम सञ्चालन गरिनेछ।

६७. माध्यमिक विद्यालयका विद्यार्थीहरूमा स्वस्थ जीवनशैली, योग तथा प्राकृतिक चिकित्सा सम्बन्धी ज्ञान विकास गर्न विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६८. पोषणयुक्त भोजन तथा स्वस्थकर जीवनशैली प्रवर्द्धनका लागि गृहिणी लक्षित भान्सा सुधार तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६९. उत्तरगया गाउँपालिकालाई आयुर्वेदमैत्री स्थानीय तहका रूपमा विकास गर्ने उद्देश्यले जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि आयुर्वेदिक जीवनशैलीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै, लहरेपौवा आयुर्वेद औषधालयमा पूर्वकर्म तथा पञ्चकर्म सेवा सञ्चालन गरी वैकल्पिक उपचार सेवाको विस्तार गरिनेछ।

<u>पूर्वाधार सम्बन्धी नीति</u>

७०. ***"सडक, खानेपानी र पर्यटन पूर्वाधारः समृद्ध उत्तरगयाको आधार"*** भन्ने मूल नाराका साथ उत्तरगया गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा पर्यटन विकासको आधारको रूपमा रहेको सडक सञ्जालको विस्तार तथा स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ। सुरक्षित, दिगो र वातावरणमैत्री सडक पूर्वाधार निर्माण गर्दै ग्रामीण उत्पादनलाई बजारसँग जोड्ने, आवागमन सहज बनाउने तथा आर्थिक गतिविधि विस्तार गर्ने उद्देश्यले आगामी दिनमा निर्माण हुने सडकहरू *उन्नत ग्रामीण सडक निर्देशिका* बमोजिम निर्माण गरिनेछ।

७१. शान्तिबजार, पैरेगाउँ, ठूलोगाउँ, डाँडागाउँ, खड्कु, तिरु, सिरुचेत, भदौरे सडकको स्तरोन्नति तथा कालोपत्रे कार्य सम्पन्न गर्न गाउँपालिकाले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र पहल गरिनेछ।

७२. बोगटीटार, वनुवा, छाप, मनिगाउँ, कर्मीडाँडा, ढुङ्गे, कालिकास्थान सडकको स्तरोन्नति तथा कालोपत्रे कार्यलाई निरन्तरता दिन प्रदेश सरकारसँग सहकार्य र समन्वयलाई सुदृढ बनाइनेछ।

७३. नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिकाको सातदोबाटोदेखि ठुलोगाउँ, डाँडागाउँ, खड्कु, करुमर्याङ, तिरु, ठुलोहाकु हुँदै बाहुनडाँडासम्म जोड्ने रणनीतिक सडक आयोजनाको उत्तरगया क्षेत्रभित्र पर्ने खण्डको ट्र्याक खोल्ने, स्तरोन्नति गर्ने तथा कालोपत्रे गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

७४. मनिगाउँ, भलायडाँडा,कुवापानी, पैरेबेंसी सडकको स्तरोन्नति तथा कालोपत्रे कार्यलाई निरन्तरता दिन आवश्यक स्रोत व्यवस्थापन तथा अन्तरसरकारी समन्वय गरिनेछ।

७५. वनुवाडाँडा—पैरेबेंसी सडकको थप स्तरोन्नति तथा सुरक्षित यातायात सञ्चालनका लागि आवश्यक पूर्वाधार विकासमा प्रदेश सरकारसँग साझेदारी गरिनेछ।

७६. मैलुङ—गोगने—तिरु सडकको स्तरोन्नति तथा कालोपत्रे कार्य सम्पन्न गर्न माथिल्लो त्रिशूली जलविद्युत आयोजना—२१६, केन्द्र र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

७७. गाउँपालिकाभित्र सञ्चालनमा रहेका स्थानीय सडकहरूको चरणबद्ध स्तरोन्नति, नियमित मर्मत तथा दिगो व्यवस्थापनको व्यवस्था गरिनेछ।

७८. सडक पहुँचबाट वञ्चित घरधुरीहरूलाई पक्की सिँढीमार्ग तथा वैकल्पिक पहुँचमार्फत सडक सञ्जालसँग जोड्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७९. गाउँपालिकाको गुरुयोजना, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा परियोजना बैंकमा समावेश योजनाहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ।

८०. उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनाहरूलाई थप पारदर्शी, गुणस्तरीय, दिगो तथा समुदायमैत्री बनाउन आवश्यक कार्यविधि तथा व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ।

८१. गाउँपालिकाभित्र रहेका पुराना झोलुङ्गे पुलहरूको नियमित मर्मत, संरक्षण तथा आवश्यक स्तरोन्नतिका कार्यक्रम सञ्चालन गरिनेछ।

८२. संघ, प्रदेश सरकार तथा निजी क्षेत्रसँगको साझेदारीमा भाँगे झरना लगायतका पर्यटकीय गन्तव्यहरूको पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धन गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग समन्वय गरिनेछ।

८३. विपद् व्यवस्थापन, आपतकालीन उद्धार तथा पर्यटकीय पहुँचलाई मध्यनजर गर्दै गाउँपालिकाभित्र हेलिप्याड निर्माणको सम्भाव्यता अध्ययन गरी आवश्यकताका आधारमा चरणबद्ध रूपमा निर्माण कार्य अगाडि बढाइनेछ।

८४. गाउँपालिका क्षेत्रभित्र सञ्चालित जलविद्युत आयोजनाहरूको सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गतको लगानीलाई स्थानीय आवश्यकता, सामाजिक सुरक्षा, मानव विकास तथा पूर्वाधार विकासका क्षेत्रमा अधिकतम प्रतिफल प्राप्त हुने गरी परिचालन गर्न आवश्यक समन्वय गरिनेछ। यस्ता कार्यक्रमहरू गाउँपालिकाको गुरुयोजना, आवधिक योजना, परियोजना बैंक तथा मध्यमकालीन खर्च संरचनासँग आबद्ध हुने व्यवस्था मिलाइनेछ।

८५. कृषि तथा पशुपालनमा आत्मनिर्भरता, गुणस्तरीय सडक पहुँच, सुरक्षित खानेपानी, सडक बत्ती विस्तार, मानव पूँजी विकास, रोजगारी सिर्जना, वातावरणीय संरक्षण तथा संस्थागत सुशासनलाई समग्र विकासका प्रमुख आधारस्तम्भका रूपमा अघि बढाइनेछ।

८६. गाउँपालिकाको सीमित स्रोत—साधनको अधिकतम उपयोग गर्दै विकास बजेटलाई कृषि, पर्यटन, उद्यमशीलता, उत्पादनमूलक पूर्वाधार तथा आयआर्जन अभिवृद्धि गर्ने क्षेत्रमा केन्द्रित गरिनेछ। विकास निर्माण कार्यलाई थप प्रभावकारी, दिगो र गुणस्तरीय बनाउन अध्ययन, अनुसन्धान तथा प्राविधिक डिजाइनलाई अनिवार्य आधारका रूपमा अवलम्बन गरिनेछ र विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा डिजाइन स्वीकृत भएपछि मात्र निर्माण प्रक्रिया अगाडि बढाउने प्रणालीलाई संस्थागत गरिनेछ।

८७. गाउँपालिकाभित्र सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरूको छनौट गर्दा स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने, कृषि तथा पर्यटन प्रवर्द्धन गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा गाउँपालिकाको समग्र आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने आयोजनाहरूलाई उच्च प्राथमिकता प्रदान गरिनेछ।

८८. स्रोत साधनको प्रभावकारी परिचालन तथा दीर्घकालीन प्रतिफल सुनिश्चित गर्न समान प्रकृतिका साना—साना आयोजनाहरूलाई एकीकृत गरी क्षेत्रगत तथा क्लस्टर आधारित वृहत् योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। यसबाट आयोजना दोहोरोपन न्यूनीकरण, लागत प्रभावकारिता तथा विकासको समग्र प्रभाव अभिवृद्धि गरिनेछ।

८९. गाउँपालिकाभित्र सञ्चालन हुने सडक, नदी नियन्त्रण, पहिरो व्यवस्थापन तथा अन्य ठूला पूर्वाधार आयोजनाहरूमा **"हरियाली सडक, सुरक्षित बस्ती र दिगो पूर्वाधार"** को अवधारणालाई आत्मसात् गर्दै बायो—इन्जिनियरिङ, वृक्षारोपण, भू—संरक्षण तथा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ, जसले उत्तरगया गाउँपालिकाको संवेदनशील पहाडी भू—भागमा प्राकृतिक विपद् न्यूनीकरण र वातावरण संरक्षणमा योगदान पुऱ्याउनेछ।

९०. गुणस्तरीय पूर्वाधार निर्माण गर्न अनुगमनलाई थप प्रभावकारी र प्रविधिमा आधारित अनुगमनमा आधारित प्रणालीको विकास गरिनेछ ।

९१. उत्तरगया गाउँपालिका भित्रका मुख्य सडकमा सडक बत्तीको व्यवस्थापन गरिनेछ।

<u>कृषि तथा पशु सेवा सम्बन्धी नीति</u>

९२. ***"समृद्ध कृषि, आत्मनिर्भर किसान र उत्पादनमुखी उत्तरगया निर्माण हाम्रो प्रतिबद्धता"*** भन्ने नाराका साथ उत्तरगया गाउँपालिकामा उत्पादन हुने रैथाने बाली, स्थानीय खाद्य परिकार तथा कृषि उपजको संरक्षण, प्रवर्द्धन र बजारीकरणका लागि उपयुक्त स्थानमा "उत्तरगया कोसेली घर" स्थापना तथा व्यवस्थापन गरिनेछ।

९३. रैथाने बाली तथा स्थानीय खाद्य प्रणालीको संरक्षण र प्रवर्द्धनका लागि कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन तथा अनुदान उपलब्ध गराइनेछ। उत्पादित वस्तुलाई विद्यालय दिवा खाजा कार्यक्रम, सामुदायिक कार्यक्रम तथा गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

९४. गाउँपालिकामा सञ्चालित माटो परीक्षण प्रयोगशालालाई प्रभावकारी बनाउँदै माटो परीक्षणको आधारमा उपयुक्त बाली तथा बीउ छनोट गरी उत्पादन वृद्धि गर्न कृषकलाई प्राविधिक परामर्श तथा प्रोत्साहन प्रदान गरिनेछ।

९५. खाद्य तथा नगदे बालीमा लाग्ने रोग तथा कीरा व्यवस्थापनका लागि आवश्यक कृषि सामग्री तथा औषधि उपलब्ध गराइनेछ। जलवायु परिवर्तन अनुकूल उन्नत तथा स्थानीय बीउबिजनको अनुसन्धान, संरक्षण र विकासमा विशेष जोड दिइनेछ।

९६. कृषि तथा पशुपालन क्षेत्रमा नवप्रवर्तनमा आधारित उद्यमशीलता (Innovative Startup Program) विकास गर्न सहलगानी नीतिमार्फत प्रविधि हस्तान्तरण, क्षमता विकास तथा प्रयोगात्मक र स्थलगत (On-Site) तालिम सञ्चालन गरिनेछ।

९७. कृषि उत्पादनको क्षति न्यूनीकरण तथा मूल्य स्थिरताका लागि गाउँपालिकाभित्र उत्पादन भएका कृषि उपजको सुरक्षित भण्डारणका निम्ति चिस्यान केन्द्र तथा भण्डारण संरचनाको प्रभावकारी उपयोग र व्यवस्थापन गरिनेछ।

९८. कृषि उपज तथा पशुजन्य उत्पादनको बजार पहुँच विस्तार गर्न सहकारी, निजी क्षेत्र तथा सरोकारवालासँग सहकार्य गरी कृषि बजार विकास गरी आवश्यकता +अनुसार सुलभ बिक्री केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

९९. पशुपन्छी स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न पशु औषधि वितरण, खोप सेवा तथा दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१००. कृषि एम्बुलेन्स मार्फत कृषकले उत्पादन गरेका सामाग्रीहरुलाई बजारीकरण गर्न र कृषकलाई आवश्यक पर्ने रासायनिक मल लगायतका खाद्यन्नको सहुलियतपूर्ण ढुवानीको व्यवस्था गरिनेछ ।

१०१. "कृषि तथा पशु विकास उद्यमशीलता कार्यक्रम" लाई थप प्रभावकारी बनाउँदै गाउँपालिकाका कृषि तथा पशु सेवा प्राविधिकमार्फत कृषक, महिला तथा युवालाई लक्षित गरी नियमित अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सहजीकरण गरिनेछ।

१०२. गाउँपालिकाको एकीकृत तथ्याङ्क तथा प्रोफाइल निर्माणको क्रममा कृषि तथा पशुधन गणना सम्पन्न गरी किसानहरूको अद्यावधिक अभिलेख तयार गरिनेछ। किसान परिचयपत्र (Farmer Card) प्रणालीमार्फत कृषि सेवा तथा रासायनिक मल वितरणलाई व्यवस्थित र पारदर्शी बनाइनेछ।

१०३. गाउँपालिकाभित्र दर्ता भएका कृषि, पशुपन्छी तथा कृषि उद्यमहरूको नियमित अनुगमन, नियमन तथा अभिलेखीकरण गरिनेछ।

१०४. माटोको उर्वराशक्ति संरक्षण तथा सुरक्षित खाद्य उत्पादनलाई प्रवर्द्धन गर्न प्राङ्गारिक मल उत्पादन, प्रयोग तथा जैविक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१०५. गाउँपालिकाभित्र उत्पादन हुने दुग्धजन्य पदार्थको सङ्कलन, प्रशोधन तथा बजारीकरणमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०६. पशुधनमा लाग्ने परजीवी तथा संक्रामक रोग नियन्त्रणका लागि नियमित पशु स्वास्थ्य शिविर, खोप तथा उपचार सेवा सञ्चालन गरिनेछ।

१०७. कृषि तथा पशुपालन व्यवसायलाई व्यावसायिक, प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०८. उत्तरगया गाउँपालिका वडा नं. १ लगायत उच्च हिमाली तथा चिसो जलवायुयुक्त क्षेत्रहरूमा रेनबो ट्राउट माछा उत्पादनको सम्भाव्यता अध्ययन गरी संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा क्रमशः व्यावसायिक ट्राउट पालन कार्यक्रम सञ्चालन गरिनेछ।

१०९. उत्तरगयाको भौगोलिक तथा जैविक विविधतालाई आधार बनाई फलफूल, तरकारी, मौरीपालन, च्याउ खेती, जडीबुटी तथा उच्च मूल्यका कृषि उपजको उत्पादन र बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ।

११०. कृषि क्षेत्रमा युवा आकर्षण बढाउन "एक वडा एक नमूना कृषि उद्यम" कार्यक्रम सञ्चालन गरी कृषिलाई सम्मानित, व्यवसायिक र रोजगारीमूलक पेशाको रूपमा विकास गरिनेछ।

**<u>खानेपानी तथा सरसफाई समबन्धी नीति</u>**

१११. ***"स्वच्छ पानी, स्वच्छ वातावरणः स्वस्थ, समृद्ध र हरित उत्तरगयाको आधार"*** भन्ने नाराका साथ उत्तरगया गाउँपालिकाका सबै नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी सेवामा पहुँच सुनिश्चित गर्न संघ, प्रदेश, विकास साझेदार तथा सरोकारवाला निकायहरूसँग समन्वय गरी "एक घर एक धारा" कार्यक्रमलाई थप प्रभावकारी, दिगो र परिणाममुखी ढंगले निरन्तरता दिइनेछ। साथै खानेपानी योजनाको नियमित मर्मत—सम्भार, स्रोत संरक्षण तथा पानीको गुणस्तर परीक्षणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

११२. वातावरणीय स्वच्छता तथा दिगो फोहोर व्यवस्थापनलाई प्रवर्द्धन गर्न छिमेकी स्थानीय तहहरूसँग सहकार्य र समन्वय गरी वेत्रावती—कैदलेटार क्षेत्रको एकीकृत फोहोर व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र वातावरणमैत्री बनाइनेछ। फोहोरको वर्गीकरण, पुनःप्रयोग तथा पुनर्चक्रणसम्बन्धी कार्यक्रम सञ्चालन गरी स्वच्छ र हरित उत्तरगया निर्माणमा जोड दिइनेछ।

११३. N-WASH प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गरी खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको तथ्यांकमा आधारित योजना तर्जुमा, बजेट विनियोजन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गरिनेछ।

११४. सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न N-WASH सूचकअनुसार विद्यालय, स्वास्थ्य संस्था तथा समुदायस्तरमा गुणस्तर सुधार र व्यवहार परिवर्तनका कार्यक्रम सञ्चालन गरिनेछ।

**सहकारी सम्बन्धी नीति**

११५. सहकारी नियमन प्राधिकरणको सहयोगमा सहकारी संस्थाहरुको नियमित अनुगमन र सुपरिवेक्षण गरी सहकारी संस्थामा सुशासन, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गर्न अनुगमनका आधारमा सहकारी संस्थाहरूको व्यवस्थापकीय क्षमता विकास, संस्थागत सुशासन लगायतको बिषयमा थप योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

११६. वार्षिक लेखापरीक्षण, साधारण सभा तथा वित्तीय प्रतिवेदन समयमै सम्पन्न गर्न अनिवार्य व्यवस्था गरिने।

११७. जोखिममा रहेका सहकारी संस्थाको नियमित निरीक्षण तथा सुधारात्मक योजना लागू गरिने।

११८. सहकारीको डिजिटल अभिलेखीकरण तथा सूचना प्रणाली लाई थप प्रभावकारी बनाउन सबै सहकारी संस्थालाई डिजिटल प्रणालीमा आबद्ध हुन सहकारी विभागको COPOMIS प्रणालीमा सबै संस्थाको विवरण अद्यावधिक गर्न प्रोत्साहन गरिने।

११९. बचत तथा ऋणमा मात्र सीमित नभई कृषि, पशुपालन, पर्यटन, जडीबुटी, घरेलु उद्योग तथा स्थानीय उत्पादनमा आधारित सहकारीलाई प्रोत्साहन गरिने।

**संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति:**

१२०. ***"सुशासन, पारदर्शिता, प्रविधिमैत्री सेवा र जवाफदेही शासन"*** भन्ने नाराका साथ गाउँपालिकाका सम्पूर्ण सेवा, योजना, बजेट तथा सार्वजनिक महत्वका सूचनाहरूलाई क्रमशः डिजिटल माध्यमबाट प्रवाह गर्दै ई-गभर्नेन्स प्रणालीलाई सुदृढ गरिनेछ।

१२१. नागरिक गुनासो व्यवस्थापन तथा सुझाव संकलनका लागि डिजिटल हेल्पडेस्क, नागरिक सहायता कक्ष तथा गुनासो सुनुवाइ प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

१२२. सार्वजनिक खर्चको पारदर्शिता, वित्तीय अनुशासन तथा उत्तरदायित्व अभिवृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापन पद्धतिलाई सुदृढ बनाइनेछ।

१२३. सूचना प्रविधिमा आधारित कार्यालय व्यवस्थापन प्रणाली (Paperless Office) को क्रमिक कार्यान्वयन गर्दै सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाइनेछ।

१२४. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा सुशासन प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरूको अध्ययन, आदानप्रदान र अवलम्बन गरिनेछ।

१२५. सार्वजनिक सेवा प्रवाहमा नागरिक सन्तुष्टि अभिवृद्धि गर्न सेवाको मापदण्ड, समयसीमा तथा नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन र नियमित अनुगमन गरिनेछ।

१२६. उत्तरगया गाउँपालिकालाई पारदर्शी, जवाफदेही, प्रविधिमैत्री र नागरिकमैत्री स्थानीय सरकारका रूपमा स्थापित गर्न सुशासनका सूचकहरूको नियमित मूल्यांकन तथा सार्वजनिक प्रतिवेदन प्रकाशन गरिनेछ।

१२७. गाउँपालिकाका नीति, निर्णय, अध्ययन, प्रतिवेदन तथा महत्वपूर्ण अभिलेखहरूको डिजिटल अभिलेखीकरण गरी संस्थागत स्मरण प्रणालीलाई सुदृढ बनाइनेछ।

१२८. जनप्रतिनिधि तथा कर्मचारीको अनुभव, सिकाइ र असल अभ्यासहरूको दस्तावेजीकरण गरी ज्ञान व्यवस्थापन तथा संस्थागत निरन्तरतामा जोड दिइनेछ।

१२९. गाउँपालिकाका सेवा प्रवाह तथा प्रशासनिक कार्यहरूको लागि आवश्यक मानक कार्यसञ्चालन कार्यविधि (SOP) तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१३०. सेवा प्रवाहमा एकरूपता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न SOP को नियमित समीक्षा, अद्यावधिक तथा अनुगमन गरिनेछ।

१३१. जनप्रतिनिधि तथा कर्मचारीहरूको कार्यसम्पादन क्षमता अभिवृद्धिका लागि आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१३२. नवीन ज्ञान, सीप र असल अभ्यासको आदानप्रदानमार्फत संस्थागत तथा व्यक्तिगत क्षमता विकासलाई सुदृढ बनाइनेछ।

## राजस्व सम्बन्धी नीति

१३३. गाउँपालिकाको आर्थिक आत्मनिर्भरता अभिवृद्धिका लागि सम्भावित आन्तरिक राजस्वका स्रोतहरूको पहिचान, विस्तार तथा प्रभावकारी परिचालन गरिनेछ। आर्थिक पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन सुदृढ गर्न आय—व्यय विवरण नियमित रूपमा सार्वजनिक गरिनेछ।

१३४. योजना तथा राजस्व व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि गर्न चौमासिक समीक्षा तथा प्रगति मूल्यांकन प्रणालीलाई निरन्तरता दिई थप व्यवस्थित बनाइनेछ।

१३५. सीमित स्रोत साधनको अधिकतम उपयोग सुनिश्चित गर्न प्रशासनिक तथा सञ्चालन खर्चमा मितव्ययिता अपनाई वित्तीय व्यवस्थापनलाई थप प्रभावकारी, परिणाममुखी र दिगो बनाइनेछ।

१३६. राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउँदै कर तथा शुल्क संकलन प्रणालीलाई डिजिटल माध्यमबाट सञ्चालन गरिनेछ।

१३७. आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी बेरुजु न्यूनीकरण, वित्तीय जोखिम व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा विशेष जोड दिइनेछ।

## वन वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

१३८. स्थानीय विपद् जोखिम प्रोफाइललाई नियमित अद्यावधिक गरी जोखिमयुक्त बस्ती तथा पूर्वाधारहरूको नक्साङ्कन र व्यवस्थापन गरिनेछ।

१३९. बाढी, पहिरो, आगलागी, भूकम्प लगायतका विपद्का लागि पूर्वसूचना प्रणाली (Early Warning System) को विस्तार तथा सुदृढीकरण गरिनेछ।

१४०. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक निकायहरूमा नियमित विपद् अभ्यास (Mock Drill) सञ्चालन गरी विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गरिनेछ।

१४१. जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई स्थानीय योजना, बजेट तथा विकास आयोजनाको अभिन्न अंगका रूपमा कार्यान्वयन गरिनेछ।

१४२. विपद् व्यवस्थापनमा स्वयंसेवक परिचालन तथा समुदायमा आधारित विपद् व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

१४३. नदी कटान, भूक्षय तथा पहिरो नियन्त्रणका लागि जैविक तथा संरचनागत संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४४. जलाधार क्षेत्र संरक्षण, मुहान संरक्षण तथा पुनर्भरण कार्यक्रममार्फत प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गरिनेछ।

१४५. प्लास्टिकजन्य फोहोर न्यूनीकरण, फोहोरको स्रोतमा वर्गीकरण तथा पुनःप्रयोगलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१४६. कार्बन उत्सर्जन न्यूनीकरण तथा हरित विकास प्रवर्द्धनका लागि वृक्षारोपण, हरियाली प्रवर्द्धन र स्वच्छ ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१४७. विपद्, वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूसँग समन्वय र साझेदारीलाई थप सुदृढ गरिनेछ। ।

१४८. वन्यजन्तुहरुबाट हुने बालीको क्षतिलाई न्यूनिकरण गर्न सरोकारवाला निकायहरुसँगको समन्वयमा नियन्त्रणका उपायहरुको खोजी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

<u>साझेदारी सम्बन्धी नीति</u>

१४९. उत्तरगया गाउँपालिकाको वृहत हितलाई ध्यानमा राखी उत्पादनशिल र रोजगारी प्रवर्द्धनको लागि पर्यटन, कृषि तथा पशुपालन, जडिबुटी खेती लगायतको क्षेत्रमा विभिन्न संघ संस्थाहरु, गैर सरकारी संस्था, दातृ निकाय निजी लगानीकर्ताहरुलाई आकर्षित गरी लगानी मैत्री उत्तरगया गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

१५०. गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी परिणाममुखी काम गर्न प्रोत्साहन गरिनेछ। गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको नियमन गरी गाउँपालिकाको अनिवार्य स्वीकृति लिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

<u>महिला बालबालिका, जेष्ठ नागरिक तथा दलित समुदाय सम्बन्धी नीति</u>

१५१. "समान अवसर, सुरक्षित समाज र समृद्ध उत्तरगया" भन्ने मूल नाराका साथ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण र सामाजिक सुरक्षालाई थप प्रभावकारी बनाइनेछ।

१५२. किशोरी तथा युवाहरूको नेतृत्व विकास, जीवनोपयोगी सीप र आत्मनिर्भरता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

१५३. बालश्रम, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी सचेतनामूलक तथा संरक्षणात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१५४. लैङ्गिक उत्तरदायी तथा समावेशी योजना तर्जुमा, बजेट विनियोजन र कार्यान्वयन प्रक्रियालाई संस्थागत गरिनेछ।

१५५. अपाङ्गतामैत्री भौतिक संरचना, सेवा प्रवाह तथा सूचना प्रणालीको विकासलाई प्राथमिकता दिइनेछ।

१५६. महिला तथा सीमान्तकृत समुदायको उद्यमशीलता विकास, स्वरोजगार तथा आयआर्जन अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

१५७. बाल संरक्षण प्रणालीलाई सुदृढ गर्दै जोखिममा परेका बालबालिकाको पहिचान, संरक्षण तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ।

१५८. लैङ्गिक हिंसा तथा सामाजिक विभेदका घटनाको रोकथाम, उजुरी व्यवस्थापन र पीडितमैत्री सेवाको पहुँच विस्तार गरिनेछ।

१५९. टोल तथा समुदायस्तरमा महिला समूह, आमा समूह तथा बाल क्लबहरूको संस्थागत क्षमता विकास र परिचालनलाई प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ।

१६०. सामाजिक समावेशीकरण, समान अवसर र सामाजिक न्यायको प्रवर्द्धन गर्दै सबै समुदायको अर्थपूर्ण सहभागितालाई निरन्तरता दिइनेछ ।

१६१. मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै मानव अधिकारमैत्री स्थानीय शासन प्रणालीलाई सुदृढ गरिनेछ।

१६२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको मानव अधिकार सुनिश्चित गर्न सरोकारवाला निकायहरूसँग समन्वय गरी अधिकारमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६३. दलित समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक सशक्तिकरणका लागि सीप विकास, उद्यमशीलता प्रवर्द्धन, आयआर्जन तथा छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१६४. जातीय विभेद तथा छुवाछुतमुक्त समाज निर्माणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै दलित समुदायको नीति निर्माण, विकास योजना तथा सार्वजनिक सेवामा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

१६५. दलित र गैरदलित विवाह प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**धर्म संस्कृति तथा पर्यटन सम्बन्धी नीति**

१६६. ***"संस्कृति, सम्पदा र प्रकृतिको संरक्षण, उत्तरगयाको दिगो पर्यटन प्रवर्द्धन!"*** भन्ने नाराका साथ गाउँपालिका क्षेत्रभित्रका सम्भावित पर्यटकीय स्थलहरूको पहिचान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ र फिकुरी लगायत पहिचान भएका स्थलहरूको प्रवर्द्धन गरिनेछ।

१६७. उत्तरगया धाम, भुमेस्थान मन्दिर, भाँगे झरना, घलेगढी, कमेरेगढी, फिकुरी, तिरु लगायतका स्थानहरूलाई होमस्टे सहित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६८. उत्तरगया धामको पूर्वाधार निर्माण, सञ्चालन, व्यवस्थापन र प्रवर्द्धनका लागि गठित समितिको कार्यलाई प्रभावकारी बनाइनेछ।

१६९. सतिघाटु, पञ्चेबाजा, खैजडी भजन, मारुनी नाच लगायतका लोपोन्मुख सांस्कृतिक परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१७०. परम्परागत ज्ञान र मौलिक सिपमा आधारित लघु तथा घरेलु उद्योगहरूको प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण गरिनेछ।

१७१. वडा नं. १ तिरु, वडा नं. २ डाँडागाउँ, वडा नं. ३ ठूलोगाउँ र पैरेगाउँ तथा वडा नं. ४ ढुंगे क्षेत्रलाई होमस्टेसहित पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालनमा समन्वय गरिनेछ ।

१७२. गाउँपालिका भित्रका महत्वपूर्ण धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको नक्साङ्कन गरिनेछ।

**श्रम तथा रोजगार सम्बन्धी नीति**

१७३. ***"स्थानीय सीप, स्थानीय रोजगार, दिगो विकासको आधार।"*** भन्ने नाराका साथ रोजगार, सीप विकास तथा उद्यमशीलता सेवा प्रवाहलाई एकीकृत गर्न रोजगार सेवा केन्द्रलाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" का रूपमा रूपान्तरण गरिनेछ।

१७४. बेरोजगार व्यक्तिहरूको विवरण संकलन, सूचीकरण तथा अद्यावधिक प्रणालीलाई व्यवस्थित र सरलीकृत गरिनेछ।

१७५. स्थानीय रोजगार नक्साङ्कन प्रणाली विकास गरी श्रम बैंक स्थापना गरिनेछ।

१७६. स्थानीय आवश्यकताअनुसार सीप विकास, नवप्रवर्तन, उद्यमशीलता, स्वरोजगार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१७७. योगदानमा आधारित सामाजिक सुरक्षा कोषको पहुँच विस्तार गर्दै औपचारिक, अनौपचारिक, स्वरोजगार, उद्यमी तथा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई समेत आवद्ध गरिनेछ।

१७८. वैदेशिक रोजगार सम्बन्धी श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सेवा वडा स्तरसम्म विस्तार गरिनेछ।

१७९. वैदेशिक रोजगार बोर्डमार्फत उद्धार, खोजतलास, स्वास्थ्य उपचार, छात्रवृत्ति आदि सेवामा FEWIMS प्रणालीमार्फत सहजीकरण गरिनेछ।

१८०. परराष्ट्र मन्त्रालय तथा सम्बन्धित निकायसँगको सहकार्यमा विदेशमा रहेका नागरिकलाई कन्सुलर तथा कानूनी सेवा विस्तार गरिनेछ।

१८१. आप्रवासी कामदार तथा परिवारको अधिकार संरक्षण गर्दै सुरक्षित वैदेशिक रोजगार, सूचना प्रवाह, न्याय पहुँच, मानसिक स्वास्थ्य तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१८२. "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" को समन्वयमा पूर्वप्रस्थान अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१८३. वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको पुनःएकीकरण तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

१८४. फर्किएका आप्रवासीहरूलाई "Returnee Volunteer" का रूपमा परिचालन गरी सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सचेतना विस्तार गरिनेछ।

१८५. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समुदाय स्तरमै रोजगारी र आय सिर्जना हुने कार्यक्रम सञ्चालन गरिनेछ।

१८६. स्थानीय तहमा श्रम तथा रोजगार शाखा विस्तार गरी सेवा एकीकृत रूपमा प्रवाह गरिनेछ।

१८७. रोजगारी तथा श्रम सम्बन्धी आवश्यक नीति, कानुन तथा कार्यविधि तर्जुमा गरिनेछ।

**सूचना प्रविधि सम्बन्धी नीति**

१८८. ***"डिजिटल गाउँपालिका, पारदर्शी सुशासनको आधार"*** भन्ने नाराका साथ गाउँपालिका भित्रका सबै सरकारी कार्यालय, प्रमुख बजार क्षेत्र तथा सार्वजनिक चोकहरूमा मानवीय गतिविधिहरूको प्रभावकारी निगरानीका लागि सि.सि. क्यामेरा जडान गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

१८९. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग विस्तार गर्दै गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई क्रमशः सूचना प्रविधिमैत्री बनाउँदै लगिनेछ।

१९०. सेवा प्रवाहलाई चुस्त, छरितो र पारदर्शी बनाउन सम्भव भएसम्म भौतिक उपस्थितिबिना नै विद्युतीय माध्यम (ई-सेवा प्रणाली) बाट सेवा प्राप्त गर्न सकिने मोबाइल एप्लिकेसन कार्यान्वयनमा जोड दिइनेछ ।

१९१. सूचना प्रविधिमैत्री गाउँपालिका निर्माणका लागि दीर्घकालीन तथा योजनाबद्ध डिजिटल पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१९२. नेपाल टेलिकमसँगको सहकार्यमा गाउँपालिका भित्रका सबै सेवा केन्द्र तथा विद्यालयहरूमा अप्टिकल फाइबरमार्फत उच्च गतिको इन्टरनेट तथा सञ्चार सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१९३. योजना तर्जुमा, स्वीकृति, कार्यान्वयन तथा अनुगमन प्रणालीलाई पूर्ण रूपमा अनलाइन आधारित (e-governance system) बनाउने प्रक्रिया अघि बढाइनेछ।

**कानून तथा न्याय सम्बन्धी नीति**

१९४. "छिटो न्याय, प्रभावकारी समाधान" भन्ने नाराका साथ स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१९५. विवादहरूको छिटो, छरितो र प्रभावकारी फछ्र्यौट सुनिश्चित गरिनेछ।

१९६. सुशासन सुदृढ गर्न आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१९७. प्रशासनिक कार्यमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गरिनेछ।

१९८. न्यायिक समितिका पदाधिकारीका लागि असल अभ्यास सिकाइका लागि अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

१९९. अन्य स्थानीय तहका सफल अभ्यासहरू आत्मसात गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

२००. गाउँपालिकाले निर्माण गरेका ऐन, कानुन तथा कार्यविधिहरुको एकीकृत संग्रह प्रकाशन गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीति**

२०१. सामाजिक सुरक्षा भत्ता वापतको रकम नलिने भनी स्वघोषणा गर्ने लाभग्राहीहरुलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

२०२. दोहोरो लाभ (duplication) रोक्न राष्ट्रिय परिचयपत्र तथा स्थानीय अभिलेख प्रणालीसँग समन्वय गरिनेछ।

२०३. सामाजिक सुरक्षा भत्ताको दुरुपयोग रोक्न नियमित अनुगमन तथा वडास्तरीय फिल्ड भेरिफिकेसन गरिनेछ।

२०४. सामाजिक सुरक्षा कार्यक्रमलाई "सहायतामुखी होइन, सशक्तिकरणमुखी" (welfare to empowerment) अवधारणामा रूपान्तरण गरिनेछ।

२०५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवाहरूलाई एकीकृत सेवा केन्द्र (One Stop Service) मार्फत प्रभावकारी बनाइनेछ।

२०६. समयमै घटना दर्ता (timely registration) सुनिश्चित गर्न नियमित जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

२०७. विद्यालय, स्वास्थ्य संस्था तथा समुदाय स्तरसँग समन्वय गरी घटना दर्ता छुट नहुने व्यवस्था मिलाइनेछ।

२०८. स्थानीय तहका कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी डिजिटल र अभिलेख व्यवस्थापनमा दक्ष बनाइनेछ।

सभाका सदस्यज्यूहरु,

आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत यस नीति तथा कार्यक्रमले उत्तरगया गाउँपालिकाको समृद्धि र विकासको स्पष्ट मार्गचित्र तयार गर्ने हाम्रो व्यवस्थित प्रयासलाई मूर्तरूप दिन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट कृषि क्षेत्रको उत्पादकत्व वृद्धि भई स्थानीय अर्थतन्त्र सुदृढ हुनेछ भन्ने अपेक्षा गरिएको छ।

साथै, नागरिक सुरक्षा, सामाजिक संरक्षण, शिक्षा तथा स्वास्थ्यलगायतका आधारभूत सेवाहरूलाई सर्वसुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई सामाजिक न्याय र समानताको स्थापना गर्न यसले उल्लेखनीय योगदान पुऱ्याउनेछ। सबै सरोकारवालाहरूको विश्वास, सद्भाव र सहकार्यका माध्यमबाट यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयन सुनिश्चित भई "समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी" भन्ने दीर्घकालीन सोच साकार हुनेमा म दृढ विश्वस्त छु।

गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि हामी निर्वाचित भएदेखि नै आवश्यक बजेट व्यवस्था गरी उपयुक्त जग्गा व्यवस्थापनका लागि विभिन्न तहबाट निरन्तर पहल तथा प्रयत्न गरिएको थियो। तथापि, प्रशासनिक भवन निर्माणसम्बन्धी प्रचलित मापदण्डमा उल्लेखित प्रावधानहरू पूरा गर्ने प्रकृतिको जग्गा उपलब्ध हुन नसकेको तथा जग्गा दानमार्फत व्यवस्थापन गर्नुपर्ने

लगायतका कानुनी तथा प्रक्रियागत जटिलताका कारण हाल सम्म पनि प्रशासनिक भवन निर्माण गर्ने हाम्रो सपना पूरा हुन सकेन ।

त्यसै गरी ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेको उत्तरगयाधाम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका भक्तजनहरूको आस्थाको प्रमुख केन्द्रका रूपमा रहेको छ। तथापि, स्थानीय तहको सीमित आर्थिक स्रोत तथा साधनका कारण उक्त क्षेत्रको संरक्षण, संवर्द्धन, पूर्वाधार विकास र समग्र व्यवस्थापनका लागि आवश्यक लगानी सुनिश्चित गर्न सकिएको छैन। साथै, धार्मिक तथा पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल भए तापनि संघ तथा प्रदेश सरकारको प्राथमिकतामा उत्तरगयाधामलाई समुचित रूपमा समावेश गर्न नसकिएकाले यसको दीर्घकालीन विकास र व्यवस्थित व्यवस्थापनमा अपेक्षित प्रगति हासिल हुन सकेको छैन। फलस्वरूप, धार्मिक पर्यटन प्रवर्द्धन, तीर्थयात्रीमैत्री पूर्वाधार निर्माण तथा उत्तरगयाधामको समग्र विकासका लागि आवश्यक कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न चुनौती रहेको छ।

आन्तरिक तथा बाह्य पर्यटकहरूको प्रमुख आकर्षणको केन्द्रका रूपमा रहेको भाँगे झरनाको व्यवस्थापन तथा पूर्वाधार विकासलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राखेको छ। यस अघि नेपाल पर्यटन बोर्डसँगको साझेदारीमा झरनासम्म पहुँच सहज बनाउन सिँढी मार्ग निर्माण तथा आधारभूत व्यवस्थापनका कार्यहरू सम्पन्न गरिएको छ। उक्त कार्यबाट पर्यटकहरूको आवागमन तथा पर्यटकीय आकर्षणमा सकारात्मक प्रभाव परेको छ।यस उपलब्धिलाई थप सुदृढ गर्दै आगामी आर्थिक वर्षमा संघीय सरकारको समपूरक अनुदान कार्यक्रममार्फत साझेदारी गरी भाँगे झरना क्षेत्रको थप व्यवस्थापन, आवश्यक पर्यटकीय पूर्वाधार निर्माण, सौन्दर्यीकरण, संरक्षण तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न योजना प्रस्ताव गरिएको छ। यसबाट भाँगे झरनालाई सुरक्षित, व्यवस्थित र आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै स्थानीय आर्थिक गतिविधि तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

अन्त्यमा, संघीय शासन प्रणालीको स्थानीय तहमा प्रभावकारी अभ्यास गर्दै गाउँपालिकाको समग्र विकासमा निरन्तर योगदान पुऱ्याउनुहुने जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, शिक्षक, राजनीतिक दल, निजी, सहकारी तथा सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत् लगायत सम्पूर्ण उत्तरगयाबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूबाट विगतझैं आगामी दिनमा पनि सकारात्मक सुझाव, सल्लाह र सक्रिय सहयोग प्राप्त हुने अपेक्षासहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**माधव प्रसाद अर्याल**

**सभाध्यक्ष**